न्यू श्री राजलक्ष्मी ज्वेलर्स
राजविराज–१(मेनरोड)

यहाँ सुन, चाँदी पाउनुको साथै २४ र २२ कैरेटका आकर्षक गर–गहनाहरु सुपथ मूल्यमा पाईन्छ । साथै औंर्डर अनुसारको गर–गहना तयारी गरिन्छ । राशि अनुसारको बहुमूल्य पत्थरहरु पनि पाईन्छ ।

सत्य सूचना र स्वस्थ जनमत निर्माणका लागि

# कृष्णा
राष्ट्रिय दैनिक

द्वि.प्र.का.सप्तरी ७/०५३/०५४

वैदेशिक रोजगारको लागि
सुलभ कर्जाको व्यवस्था

एभरेष्ट
बचत तथा ऋण सहकारी संस्था लिमिटेड
राजविराज–७, सप्तरी
फोन नं. ०३१-५३३४१६

वर्ष ३० | अंक १२२ | २०८२ साल असार १८ गते बुधबार | (२०२५ जुलाई ०२) | मुल्य रू.५/-

# सिंचाईका लागि नहर काट्दै किसानहरु



**अशोक कुमार झा**

राजविराज, १७ असार । मनसुन सक्रिय नहुँदा चिन्तित रहेको सप्तरीका किसानहरू नहरबाट पनि पानी नआए पश्चात झनै आक्रोशित हुदै गएका छन् ।

सप्तरीमा कोशी पश्चिमी नहर र चन्द्र नहरबाट हजारौं हेक्टर जमिनमा सिंचाईको सुविधा रहे पनि नहरबाट पनि सुविधा प्राप्त नभए पश्चात किसानहरू आक्रोशित हुँदै गएको हो ।

छेउमै नहर बगिरहँदा पनि धान रोप्न नपाइरहेको भन्दै आक्रोशित बनेका सप्तरीको राजगढ गाउँपालिकाका किसानले जेसीबी लगाएर पश्चिमी कोशी नहरबाट पानी ल्याउने अभियान सुरू गरेका छन् ।

सिंचाइ अभावले करिब ५ सय बिघा जग्गा बाँझो रहने भएपछि उनीहरूले गाउँमा चन्दा उठाएर ल्याएको जेसीबीले सोमबार पश्चिमी कोशी नहर काट्न सुरू गरेका हुन् । राजगढ गाउँपालिका वडा नं. ३ स्थित पूर्वी र पश्चिमी नर्घो टोलको बीचमा रहेको सो जग्गामा किसानले अहिलेसम्म धान रोप्न पाएका छैनन् ।

सो जग्गामा डिप बोरिङ रहे पनि पानी नआउंदा उनीहरू सिंचाइबाट वञ्चित हुँदै आएका छन् । आक्रोशित बनेका किसानले राजगढ गाउँपालिका वडा नं. ३ स्थित पश्चिमी कोशी नहर काटेर पानी ल्याउन थालेका हुन् ।

किसानहरुले एक कठ्ठाबापत ५०/५० रूपैयाँ चन्दा उठाएर भारतीय अधिनमा रहेको सो नहर काट्न सुरू गरेका छन् । तर, सोही ठाउमा पुगेका पश्चिमी कोशी नहरका कर्मचारीले भने नहर नकाट्न आग्रह गरिरहेका छन् ।

## बसको ठक्करबाट बालकको मृत्यु

**कृष्णा सम्वाददाता**

राजविराज, १७ असार । सप्तरीको महादेवपट्टीमा मंगलवार बसको ठक्करबाट एकजना बालकको मृत्यु भएको छ ।

जिल्लाको कंचनरूप नगरपालिका वडा नं. २ महादेवपट्टीमा बसको ठक्करबाट स्थानीय रोहित शेखका ८ वर्षिय छोरा आयन शेखको मृत्यु भएको हो ।

वीरगंजबाट विराटनगर जाँदै गरेको को१ख ५४३८ नम्बरको बसले बाटो क्रस गर्दै गरेको अवस्थामा बालकलाई ठक्कर दिदा घटनास्थलमै बालकको मृत्यु भएको हो । मृतक बालकको शव पोष्टमार्टमका लागि राजविराज स्थित गजेन्द्र नारायण सिंह अस्पतालमा राखिएको छ ।

ठक्कर दिने बस र बसका चालक सुनसरीको इटहरी उपमहानगरपालिका वडा नं. ५ बस्ने ४५ वर्षिय मनोरथ पोखरेललाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय भारदहमा राखिएको छ ।

घटनापश्चात आक्रोशित स्थानीयबासीले २ बजेदेखि चक्काजाम शुरू गरेको थियो । त्यस पश्चात स्थानीयबासीलाई सम्झाई बुझाई करिब ५ घण्टा पश्चात यातायात सुचारू भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## प्रहरीको नाममा लुटपाट गर्ने समातिए

**कृष्णा सम्वाददाता**

राजविराज, १७ असार । मोरङको विराटनगरबाट नक्कली प्रहरी बनेर शरीर बन्धक बनाई डाँका गरेको आरोपमा दुई जना पक्राउ परेका छन् ।

प्रहरीले दिएको जानकारी अनुसार विराटनगर महानगरपालिका वाड नं. ८ बस्ने २४ वर्षीय समिर हुसेन र सोही महानगरपालिका वडा नं. ६ बस्ने २७ वर्षीय आशिफ अन्सारीलाई पक्राउ गरिएको हो ।

विराटनगर महानगरपालिका वडा नं. १३ रानीस्थित राइस मिल छेउमा सिटी सफारीमा सवार पुरुषलाई बन्धक बनाएर उनीहरूले डाँका गरेको आरोप छ । स्कुटरमा सवार उनीहरुले ती व्यक्तिलाई रोक्दै 'हामी जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएका प्रहरी हौं, अनुसन्धान गर्नु छ' भनेका थिए ।

यस शहरको गौरव

पाराडाइज कलेज
लाली गुराँस मा.वि. राजविराज–७ मा

विज्ञान वाणिज्य तथा शिक्षा संकायहरूमा

शैक्षिक सत्र २०८२/०८३ का लागि भर्ना खुल्यो।

आवेदन फारम वितरणः अषाढ १४ गते देखि
प्रवेश परीक्षाः अषाढ २८ गते दिनको ११ बजे
कक्षा संचालनः श्रावण ५ गतेदेखि

सम्पर्क
पाराडाइज कलेज
फोन नं. ०३१-५३२६८८,
मो ९८४२८३०७५२, ९८०७७१०४८७, ९७०५५२१२६६, ९८१४७५३८७२

Vacancy ! Vacancy !! Vacancy !!!

This Nobel Academy
Rajbitaj-07,Kharsal Tole

Requires some well experienced and qualified teachers for under mentioned Subject to adjust section in different classes .

| S.N. | Subject | Level | Req.No. | Qualification |
|---|---|---|---|---|
| 1. | Computer | Basic level | 01 | Basic level Course Completed or Computer Oversear |
| 2. | Science | Basic level | 01 | Basic level Course Completed |

Note:- Interested Candidates should contact in School within five days or following Number.

प्रधानाध्यापक
नोबेल एकेडेमी
राजविराज–७, खरसाल टोल
सम्पर्क नं. ९८०४७१७६७१, ९८०५९४०६७४

आईडियल वचत तथा ऋण सहकारी संस्था लिमिटेड
राजविराज–३, मेनरोड तथा हनुमाननगर, सप्तरी

हाम्रा सेवाहरु रेमिटान्स तर्फः
IME International Money Express A Complete Money Transfer Solution
Reliable Remit
himal remit
SEWA MONEY TRANSFER
NABIL REMIT
CITY EXPRESS MONEY TRANSFER
प्रभु मनी ट्रान्सफर
MEGA REMIT
WESTERN UNION
SAMSARA सम्सारा रेमिट
Siddhartha Remit
कुमारी बैंक लिमिटेड KUMARI BANK LIMITED
KUMARI REMIT

नेपाल अधिराज्य भर सस्तो तथा सुलभ तरिकाले पैसा पठाउनको लागि तथा जुन सुकै बैंक तथा बित्तिय संस्थाको खातामा पैसा सजिलै जम्मा गर्न सकिने व्यवस्था
कर्जा तर्फः धितो कर्जा, व्यापार कर्जा, वैदेशिक कर्जा, सुलभ तरिकाबाट कर्जा
ideal_rajbiraj2010@yahoo.com
फोन नं. ०३१-५२१३९९, ०३१-५२३५५२

सत्य सूचना र स्वस्थ जनमत निर्माणका लागि
कृष्णा
राष्ट्रिय दैनिक



# नेतृत्वलक्षित जनताका प्रश्न

किशोर नेपाल

किशोर नेपाल वरिष्ठ पत्रकार हुन् । उनी साहित्यका अलवा राजनीति र समाजका विविध आयामबारे लेख्छन् । उनको 'मेरो समय', 'मिडियाःसिद्धान्त, सूत्र र प्रयोग', 'नेपालका निधि' जस्ता पुस्तक प्रकाशित छन् ।

देशमा ठूलो राजनीतिक परिवर्तनका लागि देउवा, ओली र दाहालका संघर्ष र त्यागको सम्मान गर्ने सामान्य जनताको मनमा यो प्रश्न गहिरोसँग उठेको छ- उनीहरुबीचको यो कुर्सीदौड कहिलेसम्म ? कहिलेसम्म यी नेताहरुको विकास र स्थायित्वका अति नाटकीय वक्तव्य सुन्ने जनताले ?

सरकारी प्रशासनलाई आफ्नो मुठीमा राखेर शासन चलाउने 'प्रशासकीय नेतृत्व' राजनीतिक नेतृत्वमा बसेका नेताहरुमाथि पूरै हावी भएको देखिन्छ

पूर्व राष्ट्रपति विद्यादेवी भण्डारी भर्खरै स्वेच्छापूर्वक 'पूर्वराष्ट्रपति' को सम्मानित हैसियत त्यागेर एमालेको कार्यकर्ताका हैसियतमा ओर्लिइन् । उनले सक्रिय राजनीतिक जीवनप्रतिको मोह त्याग्न सकिनन् । सत्ता राजनीतिप्रतिको आफ्नो मोह र आकांक्षा पूरा गर्न राज्यले दिएको सम्मान, सुविधा र सुरक्षा त्याग्नु प्रशंसनीय कार्य हो ।

उनी पार्टीको सर्वोच्च नेतृत्वमा पुगिन् भने नेपाली राजनीतिको विसंगत संरचनामा परिवर्तन ल्याउन के कस्तो सुधार ल्याउन चाहन्छिन् ? यथासमयमा उनका विचार सार्वजनिक हुने नै छन् । यो सत्य हो, नेपाली राजनीतिको अवस्था कहिल्यै संगतिपूर्ण रहेको छैन ।

इतिहासको गम्भीर अध्ययन गर्ने हो भने पृथ्वीनारायण शाहको राज्य एकीकरणको अभियानभन्दा पहिले र राज्य एकीकरणपछि पनि देश सत्ताको बिसात बनेको छ । चाहे राणाकालीन राजतन्त्रमा होस्, संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रमा होस् वा संघीय गणतन्त्रमा होस्, वास्तविक जनता-जनार्दनको अवस्थामा परिवर्तन आउने आशा र अपेक्षा कहिल्यै पूरा भएका छैनन् ।

देशमा भएका ठूला-साना राजनीतिक परिवर्तनपछि राज्यको प्रशासनिक आवश्यकताअनुरुप 'कस्मेटिक' विकास त भएका छन् तर जनताका आधारभूत आवश्यकतासँग त्यस्तो विकासको कुनै सरोकार रहेको देखिँदैन । पछिल्लो समयमा सडक-सञ्जाल फैलिएको छ, शिक्षा र स्वास्थ्यका क्षेत्रमा भएका उपलब्धिको विवरण लम्बिँदो छ, नदी-नालाको विकासका नारा गुन्जिएका छन् । बिजुलीको उत्पादन बढेको छ ।

कल-कारखाना खुलेका छन् । तर, विकासका यी 'उपलब्धि' बाट उपाश्रित जनता-जनार्दनलाई खासै लाभ भएको छैन । हो, ख्वामितहरुको सुख-सुविधाका लागि उपाश्रित जनता-जनार्दनले साबेल र बेल्चा चलाएर थोरै मजदुरी पाउने गरेका छन् । आजका मितिसम्म, विकासका कथित उपलब्धि राजनीतिक गफ साबित भएका छन् ।

यति बेला संघीय संसदमा सबभन्दा ठूलो दल कांग्रेसको समर्थनमा दोस्रो ठूलो दल एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा संयुक्त सरकार 'कार्यरत' रहेको छ । बाहिरबाट हेर्दा यो सरकार संघीय गणतन्त्र स्थापनापछि बनेका सरकारहरुमा 'निकै बलियो' देखिन्छ । भित्रभित्रै भने सरकार निकै खोक्रो छ । बनाउने दलका अधिकांश सांसदहरु नै संघीय सरकार प्रभावकारी नभएकोमा

आफ्ना असन्तुष्टि व्यक्त गरिरहेका छन् । गृहमन्त्री र संसद्का धेरै नयाँ र पुराना सदस्यहरुको नाम भ्रष्टाचारका विभिन्न काण्डसँग जोडिएको छ ।

आफ्नो क्षेत्रमा विकासका योजना र आयोजना लैजान 'अर्थमन्त्रीलाई कमिसन बुझाउनुपर्ने' सांसदका गुनासाहरु टेलिभिजनको पर्दामा र सामाजिक सञ्जालमा छाउन थालेका छन् । प्रशासनमाथि सरकारको कतै कुनै पकड देखिँदैन । सरकारी प्रशासनलाई आफ्नो मुठ्ठीमा राखेर शासन चलाउने 'प्रशासकीय नेतृत्व' राजनीतिक नेतृत्वमा बसेका नेताहरुमाथि पूरै हावी भएको देखिन्छ । अनौपचारिक कुराकानीमा देशका उद्योगी र व्यवसायीहरु देशमा लगानीको वातावरण प्रतिकूल रहेको बताउँछन् ।

यस्ता अनेकन घटनाले सरकारको साख गिर्दै गएको प्रमाणित हुन्छ । समाचारपत्र, सामाजिक सञ्जालका प्रयोगकर्ताहरु र बुद्धिजीवीहरु सरकार प्रभावहीन भएको गुनासो गर्दै छन् । सरकार आफ्नो पोल खोल्ने सञ्चारमाध्यम र सामाजिक सञ्जाललाई नियन्त्रणमा लिने गतिविधिमा लागेको छ । संघीय गणतन्त्रका विरोधीहरु गणतान्त्रिक शासनको यो अवस्था देखेर रमाएका मात्र छैनन् राजतन्त्रको पुनःस्थापनाको 'सपना' देख्दै छन् ।

प्रशासनिक अन्यवस्था र भ्रष्टाचारको विषयले संघीय राजधानी मात्र होइन, प्रादेशिक राजधानीहरुलाई समेत उत्तिकै प्रभावित गरेको छ । कुनै पनि प्रदेशले आफ्नो प्रदेशको विकासका लागि सन्तुलित हिसाबले काम गर्न सकेका छैनन् । चाहिने नचाहिने हरेक विषयमा राजनीतिक विवाद हुने गरेको छ । यो विषयमा गम्भीर भएर सोच्ने काम सरकारमा सामेल भएका कुनै पनि पार्टीहरुले गरेका छैनन् ।

नेपालको राजनीतिक अवस्थालाई राम्ररी केलाउने राजनीतिक विश्लेषकहरु अहिलेको अवस्थालाई गणतन्त्र स्थापनाको प्रारम्भिक अवस्थादेखि नै केलाएर हेर्न चाहन्छन् । नेपालमा राजनीतिको जरो राम्ररी गाडिन नपाएको निष्कर्षमा सबैको सहमति रहेको देखिन्छ । विश्लेषकहरु घटनाक्रमहरु केलाउँदै भन्छन्- केपी शर्मा ओली प्रधानमन्त्रीको शीर्षासनमा पहिलो पटक बसेका होइनन् । उनी २०७७ सालमा पनि प्रधानमन्त्री थिए । त्यति बेला पनि प्रधानमन्त्री ओलीको राजनीतिक स्वभाव अहिलेको भन्दा फरक थिएन ।

भुईंचालो र कोभिड-१९ को दोहोरो दबाबमा संघीय नेपालको संविधान जारी भएपछिको समय थियो त्यो । लोकतान्त्रिक समाजवादका प्रखर विचारक तथा कांग्रेसका तत्कालीन सांसद प्रदीप गिरिले संस□ा बोल्दै ओली सरकारको 'किंकर्तव्यविमूढ' अवस्थामाथि कटाक्ष गर्दै भनेका थिए- हामीकहाँ सत्ताको हस्तान्तरण त भयो । तर, राज्यको रुपान्तरण भएन । प्रदीप गिरिले प्रतिनिधिसभामा 'प्रतिनिधिमूलकता' को अभावतिर सबैको ध्यान आकर्षित गरेका थिए ।

भ्रष्टाचार नियन्त्रणका लागि बनाइएका राज्य संयन्त्रहरु बेकामका साबित भएको तथ्यतिर संसद्को ध्यान आकर्षित गर्दै समस्याहरु सतहमा ल्याएका थिए सांसद गिरिले । तर, गिरिको आवाज त्यत्तिकै बिलायो । ओलीपछि माओवादीको समर्थनमा कांग्रेसको सरकार बन्यो । पछि माओवादी अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा सरकार बन्यो । दाहालका लागि प्रधानमन्त्रीको कुर्सी नयाँ थिएन ।

दशक लामो जनयुद्धको भारी बिसाएर बृहत् शान्ति सम्झौतामार्फत २०६३ साल मंसिर ५ गते औपचारिक रुपमा सार्वजनिक जीवनमा प्रवेश गरेका माओवादी दलका नेता र कार्यकर्ताहरु निकै छोटो समयमा 'लोकतान्त्रिक' सत्ताको खेलमा समेत प्रवीण थिए । उनीहरुमा जनयुद्धकालको जोस थियो ।

आफूले भोगेका कष्टकर अवस्थाको सम्झना थियो । देशको जर्जर अवस्थाको प्रत्यक्ष ज्ञान थियो । जनताको जीवनस्तर सुधार्न केही गर्ने आँट र दृढता पनि देखिन्थ्यो । त्यति हुँदाहुँदै पनि, बृहत् शान्ति सम्झौतापछिको परिस्थिति उनीहरुका लागि सहज बन्न सकेको थिएन । संविधानसभामा पहिलो निर्वाचनपछि माओवादी सबैभन्दा ठूलो दलका रुपमा स्थापित भए पनि त्यसको गुणात्मक अर्थ केही निस्किन सकेन ।

दाहालको पहिलो प्रधानमन्त्री कार्यकाल पनि सफल भएको थिएन । बृहत् शान्ति सम्झौताका मुख्य कर्ता मानिने कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालासँग उनको अनावश्यक मनमुटाव भयो । जनताले सोचेका थिए पहिलो संविधानसभाले नै संविधान निर्माणको काम फत्ते गर्नेछ । तर कांग्रेस सभापति कोइरालासँगको मनमुटाव दाहालका लागि घातक साबित भयो । उनी सत्ताबाट बाहिरिए । त्यसपछिको समयमा माधव नेपाल, झलनाथ खनाल र बाबुराम भट्टराई प्रधानमन्त्री बने । राजनीतिक संक्रमणको समय लम्बियो । संविधानसभाको दोस्रो चुनाव हुँदासम्म अध्यक्ष दाहाल र माओवादी दलको हैसियत निकै खस्किइसकेको थियो । तर, जे जसरी भए पनि दोस्रो पटकको संविधानसभाले संघीय गणतन्त्र नेपालको संविधान लेख्ने काम पूरा गऱ्यो ।

तत्कालीन राष्ट्रपति डा.रामवरण यादवले २०७२ साल असोज ३ गते संघीय गणतन्त्र नेपालको संविधान जारी गरे । यो सविधानले नेपाललाई विधिवत् संघीय गणतन्त्रका रुपमा स्थापित गऱ्यो । राजतन्त्र विस्थापित भयो । यो संविधानमा धेरै मौलिक गुणहरु होलान् । यो त संविधानविद्हरुले नै केलाउने कुरा भयो । तर संविधानमा केन्द्रीय सरकार र प्रादेशिक सरकारहरुको अधिकार र कर्तव्यका बारेमा स्पष्ट ढंगले केही उल्लेख भएन ।

त्यसले गर्दा गणतन्त्र नेपालको अहिलेको अवस्था बाटो बिराएको बटुवाजस्तो छ । सरकार सञ्चालनको दायित्व पाएका, ठूला वा साना, सबै पार्टीका नेताहरु स्वयं नै अलमलमा परेका छन् । संविधान हेरेर शासन चलाउने बानी नपरेको राजनीतिक समाजका लागि यो अनौठो कुरा पनि होइन ।

'कर्मचारीतन्त्र' का रुपमा चिनिने देशका प्रशासनिक निकायका सञ्चालकहरुको प्रशासन चलाउने आफ्नै पद्धति रहेको छ- भारदारी पद्धति । ती सञ्चालकहरु गणतान्त्रिक पद्धतिसँग संगतिमा छैनन् । 'निर्दलीय' प्रशासन चलाउन सिपालु प्रशासनयन्त्रका चालक-सञ्चालकहरु सरकारलाई 'घुमाउन' सक्षम बनेका छन् ।

नेपाल कम्युनिस्ट पार्टी माओवादी 'जनयुद्ध' त्यागेर शान्तिको बाटोमा आएपछि सशस्त्र युद्धको चापमा चेपिएका जनताले अलिकति राहत पाउने अपेक्षा राखेका थिए । युद्धविरामले नेपाली समाजको वातावरण अलिकति सहज बनेको थियो । माओवादीले संविधानसभाको चुनाव जितेका थिए । तर, उनीहरुको त्यो विजय निष्फल साबित भयो । राजनीतिक अवस्था यथास्थितिमा रहन सकेन । लामो समय हिंसामा झोसिएको नेपाली समाजलाई राजनीतिको सरल बाटोमा हिँडाउनु सहज थिएन । संविधानसभाको पहिलो चुनावसँगै शान्तिको बाटो सहज हुने लक्षण पनि देखिएको थिएन । वातावरण अलिकति आशाप्रद भए पनि राजनीतिक दलहरुबीचको सम्बन्ध चिसो थियो । त्यो आशा धेरै दिन टिकेन ।

देशमा ठूलो राजनीतिक परिवर्तनका लागि देउवा, ओली र दाहालका संघर्ष र त्यागको सम्मान गर्ने सामान्य जनताको मनमा यो प्रश्न गहिरोसँग उठेको छ- देउवा, ओली र दाहालबीचको यो कुर्सीदौड कहिलेसम्म ? कहिलेसम्म यी नेताहरुको विकास र स्थायित्वका अति नाटकीय वक्तव्य सुन्ने जनताले ? देश राजनीतिक स्थिरता र आर्थिक विकासको बाटोमा लाग्ने जनताको आशा कहिले पूरा हुने ? पार्टीका अध्यक्षहरु नै प्रधानमन्त्री हुने यो अलोकतान्त्रिक पद्धतिको अन्त्य कसले गर्ने ? प्रश्नहरु यिनै हुन् । यी प्रश्नको जवाफ कसले दिने ? यो सर्वाधिक संघीय गणतान्त्रिक पद्धतिलाई बलियो कसले बनाउने ? जनताले देश विकासको बाटोमा हिँडेको अनुभूति कहिले गर्ने ? कान्तिपुरबाट


डाक्नेश्वरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पातो, सप्तरी मधेश प्रदेश, नेपाल

## पोखरी ठेक्का सम्बन्धि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः- २०८२/०३/१८

यस डाक्नेश्वरी नगरपालिका नगर कार्यपालिकाको मिति २०८२।०३।१२ गतेको निर्णयानुसार र सार्वजनिक/ऐलानी पोखरी ठेक्का सम्बन्धि गठित समितिको मिति २०८२।०३।१७ सिफारिस बमोजिम तपशिलको सार्वजनिक ऐलानी पोखरी ठेक्का लगाउनु पर्ने भएको हुँदा तपशिलको नियम तथा शर्तको अधिनमा रही ईच्छुक व्यक्ति/संस्थाहरुबाट रितपूर्वक शिलबन्दी दरभाउपत्र आह्वानको लागि यो १५ (पन्द्रह) दिने सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र.सं. | पोखरीको नाम | ठेगाना | कित्ता नं. | न्यूनतम कबोल रकम रु. | फारम दस्तुर | ठेक्काको अवधि |
|---|---|---|---|---|---|---|
| १ | ठकन भगत पोखरी (अताहसेन घरको दक्षिण) | डा.न.पा. वडा नं. २ (साबिक वडा नं. ६) | 131 | 48000 | 500/- | ३ वर्ष |
| २ | मन्कुर पोखरी (बनिया) | डा.न.पा. वडा नं. ३ (साबिक वडा नं. ९) | | 60000 | 500/- | ३ वर्ष |
| ३ | पुर्नी पोखरी | डा.न.पा. वडा नं. ३ (साबिक वडा नं. ९) | | 36000 | 500/- | ३ वर्ष |
| ४ | मुसहरी नजिकको पोखरी | डा.न.पा. वडा नं. ३ | | 36000 | 500/- | ३ वर्ष |
| ५ | रामटहल घर नजिकको पोखरी | डा.न.पा. वडा नं. ३ (साबिक वडा नं. ५) | | 24000 | 500/- | ३ वर्ष |
| ६ | भोली साह नजिकको पोखरी | डा.न.पा. वडा नं. ३ (साबिक वडा नं. ७) | | 60000 | 500/- | ३ वर्ष |
| ७ | तरहा पोखरी | डा.न.पा. वडा नं. ३ (साबिक वडा नं. १) | | 300000 | 500/- | ३ वर्ष |
| ८ | महादेवा पोखरी | डा.न.पा. वडा नं. ५ (साबिक वडा नं. १) | | 360000 | 500/- | ३ वर्ष |
| ९ | जगह पोखरी (राम जानकी पोखरी) | डा.न.पा. वडा नं. ५ (साबिक वडा नं. ९) | | 36000 | 500/- | ३ वर्ष |
| १० | मौवाही पोखरी (गरजागाढी चौकी देखि पूर्व) | डा.न.पा. वडा नं. ५ (साबिक वडा नं. ४) | . | 72000 | 500/- | ३ वर्ष |
| ११ | बिचला पोखरी | डा.न.पा. वडा नं. ६ (साबिक वडा नं. २ख) | 3 | 60000 | 500/- | ३ वर्ष |
| १२ | फचाई पोखरी | डा.न.पा. वडा नं. ६ (साबिक वडा नं. २ख) | 10 | 50400 | 500/- | ३ वर्ष |
| १३ | सन्ती साह पोखरी | डा.न.पा. वडा नं. ६ (साबिक वडा नं. १) | 105 | 60000 | 500/- | ३ वर्ष |
| १४ | कुपही पोखरी | डा.न.पा. वडा नं. ६ (साबिक वडा नं. ३क) | 122 | 26400 | 500/- | ३ वर्ष |
| १५ | दुखिया साह पोखरी | डा.न.पा. वडा नं. ६ (साबिक वडा नं. ३क) | 144 | 50400 | 500/- | ३ वर्ष |
| १६ | मुसहरी पोखरी | डा.न.पा. वडा नं. ६ (साबिक वडा नं. ३ख) | 78 | 93600 | 500/- | ३ वर्ष |
| १७ | धनहा पोखरी | डा.न.पा. वडा नं. ६ (साबिक वडा नं. ३क) | 82 | 72000 | 500/- | ३ वर्ष |
| १८ | पुरानो पोखरी ब्रहम्पुर | डा.न.पा. वडा नं. ७ (साबिक वडा नं. २) | | 60000 | 500/- | ३ वर्ष |
| १९ | पुरानो पोखरी ब्रहम्पुर (रामजानकी मन्दिर) | डा.न.पा. वडा नं. ७(साबिक वडा नं. १) | 131 | 84000 | 500/- | ३ वर्ष |
| २० | पैरवा पोखरी ललितपुर | डा.न.पा. वडा नं. ७ (साबिक वडा नं. ६) | 248 | 252000 | 500/- | ३ वर्ष |
| २१ | तरहा पोखरी ललितपुर | डा.न.पा. वडा नं. ७ (साबिक वडा नं. ४) | 312 | 84000 | 500/- | ३ वर्ष |
| २२ | झौहरा पोखरी मझौरा | डा.न.पा. वडा नं. ७ (साबिक वडा नं. ८क) | 292 | 120000 | 500/- | ३ वर्ष |
| २३ | तिनकुने पोखरी मझौरा | डा.न.पा. वडा नं. ७ (साबिक वडा नं. ८क) | 220 | 60000 | 500/- | ३ वर्ष |
| २४ | डगरिनियाँ पोखरी | डा.न.पा. वडा नं. ८ (साबिक वडा नं. ३ख) | 1 | 120000 | 500/- | ३ वर्ष |
| २५ | पुर्नी पोखरी | डा.न.पा. वडा नं. ८ (साबिक वडा नं. ८ख) | 496 | 80800 | 500/- | ३ वर्ष |
| २६ | झखराही पोखरी | डा.न.पा. वडा नं. ८ (साबिक वडा नं. २ख) | 74 | 100000 | 500/- | ३ वर्ष |
| २७ | सुरेन्द्र साहको घर नजिक रहेको पोखरी | डा.न.पा. ८ | | 168000 | 500/- | ३ वर्ष |
| २८ | डोमराही पोखरी | डा.न.पा. ८ | | 48000 | 500/- | ३ वर्ष |
| २९ | संखमरमर पोखरी (महुँकी) | डा.न.पा. वडा नं. ९ (साबिक वडा नं. १) | | 24000 | 500/- | ३ वर्ष |
| ३० | बुरवा पोखरी (महुँकी) | डा.न.पा. वडा नं. ९ (साबिक वडा नं. २) | | 21600 | 500/- | ३ वर्ष |
| ३१ | दानालाल साह घर नजिक रहेको पोखरी (महुँकी) | डा.न.पा. वडा नं. ९ (साबिक वडा नं. १) | | 50400 | 500/- | ३ वर्ष |
| ३२ | भगिरथ पोखरी (पत्थरगाडा) | डा.न.पा. वडा नं. ९ (साबिक वडा नं. ४) | | 19200 | 500/- | ३ वर्ष |
| ३३ | मा.वि. स्कूल नजिक रहेको पोखरी (पत्थरगाडा) | डा.न.पा. वडा नं. ९ (साबिक वडा नं. ५) | | 98400 | 500/- | ३ वर्ष |
| ३४ | स्कूल नजिक रहेको पोखरी (लक्ष्मणपटी) | डा.न.पा. वडा नं. ९ (साबिक वडा नं. ७) | | 24000 | 500/- | ३ वर्ष |
| ३५ | लक्ष्मण मेहता घर अगाडी रहेको पोखरी सखुवा | डा.न.पा. वडा नं. ९ | | 31200 | 500/- | ३ वर्ष |
| ३६ | कारी साह घर अगाडीको पोखरी | डा.न.पा. वडा नं. ९ | | 16800 | 500/- | ३ वर्ष |
| ३७ | दक्षिणवारी टोल महुकीमा केदारनाथ घर अगाडी रहेको पोखरी | डा.न.पा. वडा नं. ९ | | 21600 | 500/- | ३ वर्ष |
| ३८ | हिरा फेक्नी मा.वि. पोखरी | डा.न.पा. १० | | 260000 | 500/- | ३ वर्ष |
| ३९ | भगिरथ पोखरी पत्थरगाडा | डा.न.पा. ९ | | 19200 | 500/- | ३ वर्ष |

### नियम तथा शर्तहरु

१. फारम दस्तुर रु. ५००/- (पछि फिर्ता नहुने गरी) राजस्व शाखामा नगद बुझाउनु पर्नेछ । फारम प्रशासन शाखाबाट उपलब्ध हुनेछ ।
२. शिलबन्दी दरभाउपत्र मिति २०८२।०३।३२ गते दिउँसो १२:०० बजे भित्र कार्यालयमा दर्ता गराउनु पर्नेछ र दरभाउपत्र सोहि दिन दिउँसो २:०० बजे सम्पूर्ण सरोकारवालाहरुको उपस्थितिमा खोलिनेछ ।
३. दरभाउपत्रमा कबोल रकम भर्दा अंक र अक्षर दुवै प्रष्ट लेख्नुपर्नेछ । दुवैमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएका रकमलाई मान्यता दिईनेछ ।
४. व्यक्ति वा संस्थाले कबोल रकमको लागि तोकिएको न्युनतम कबोल अंक रकम भन्दा कम कबोल गरेमा फारम स्वतः रद्द हुनेछ ।
५. एक ठेक्कामा कम्तिमा ३ जना व्यक्ति वा संस्थाको शिलबन्दी दरभाउ फारम दर्ता गरेको हुनुपर्छ ।
६. शिलबन्दी दरभाउपत्र दर्ता गर्दा जमानत बापतको रकम (कबोल रकमको ५ प्रतिशत) ग्लोबल आई.एम.ई. बैंक, पातो, सप्तरीमा रहेको डाक्नेश्वरी नगरपालिकाको एकल कोष धरौटी खाता नं. (१३८०४०१००००००६) मा दाखिला गरेको सक्कलै भौचर शिलबन्दी दरभाउपत्र साथ अनिवार्य पेश गर्नु पर्नेछ ।
७. ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र सम्झौता गर्न आउनु पर्नेछ । सम्झौता गर्न आउँदा ठेक्का स्वीकृत भएको व्यक्ति वा संस्थाले पहिलो वर्ष (आ.व. २०८२/८३) को रकम यस नगरपालिकाको आन्तरिक राजश्व खातामा (राजश्व शाखा)मा जम्मा गरी सक्कलै भौचर लिई सम्झौताको लागि निवेदन दिनु पर्नेछ । उक्त सम्झौता ३ वर्षको लागि एकै पटक एकमुष्ट रकम जम्मा गर्ने व्यक्ति वा संस्थालाई १० प्रतिशत सम्म छुट दिईनेछ ।
८. प्रत्येक आर्थिक वर्ष शुरु हुनु अगाडी नै ठेक्का सम्झौता भएको व्यक्ति वा संस्थाले यस नगरपालिकाको राजश्व शाखामा रकम जम्मा गर्नु पर्नेछ ।
९. ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र सम्बन्धित व्यक्ति वा संस्थाले सम्झौता गर्न नआएको खण्डमा नगरपालिकाको निर्णयानुसार दोश्रो हुने व्यक्ति वा संस्थासँग सोझै सम्झौता गर्न सक्नेछ ।
१०. ठेक्का बन्दोवस्त भई सकेपछि कुनै किसिमको दैवी प्रकोप, खडेरी आदि भएमा त्यसको जिम्मेवार स्वयम् नै हुनु पर्नेछ र नगरपालिकाले कुनै किसिमको छुट वा रकम मिन्हा गर्ने छैन ।
११. ठेक्का बन्दोवस्त भै सकेपछि पोखरीको सम्पूर्ण जिम्मेवारी ठेकेदारको हुनेछ । पोखरीको रेखदेख, मर्मत सम्भार तथा कुनै किसिमको संरचना निर्माणमा लाग्ने खर्च ठेकेदार स्वयमले नै गर्नु पर्नेछ ।
१२. एक व्यक्ति वा संस्थाको नाममा खरिद गरेको शिलबन्दी फारम अर्को व्यक्तिको नाममा दाखिला गर्न पाइने छैन ।
१३. ठेक्का स्वीकृत गर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहनेछ ।
१४. पोखरी ठेक्का सम्बन्धि अन्य शर्तहरु स्थानीय सरकार संचालन ऐन २०७४ र यस डाक्नेश्वरी नगरपालकाको पोखरी ठेक्का सम्बन्धी कार्यविधि २०८० बमोजिम हुनेछ ।
१५. अन्य थप जानकारीको लागि यस कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्नु पर्नेछ ।

# मसाज सेन्टर संचालक सहित दुई पक्राउ

**कृष्णा सम्वाददाता**

राजविराज, १७ असार । बर्दिबासको मसाज सेन्टरबाट प्रहरीले भारतीय नागरिकसहित दुई जनालाई नियन्त्रणमा लिएको छ ।

प्रहरी टोलीले सोमवार मध्यराति बर्दिवास नगरपालिका वडा नं. १ स्थित हेम लामाले सञ्चालन गर्दै आएको रोयल मसाज सेन्टरमा जाँच गर्दा प्रहरीसँग दुर्व्यवहार गर्नेलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

प्रहरीले सेवाग्राही भारत जिल्ला सितामढी बिहार बस्ने १८ वर्षीय अतुलकुमार साह र तत्काल मसाज सेन्टर सञ्चालनको जिम्मेवारीमा रहेकी धादिङ रूवीभेली गाउँपालिका वडा नं. ५ की ३१ वर्षीया मिना राना मगरलाई नियन्त्रणमा लिएको प्रहरी नायब उपरीक्षक बमले बताए । दुवै जनालाई नियन्त्रणमा लिइ थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय बर्दिवासमा राखिएको बमले बताए ।

# सत्ता सहकार्य प्रति काँग्रेस नेताले उठाए प्रश्न

**कृष्णा सम्वाददाता**

राजविराज, १७ असार । सरकार प्रभावकारी हुन नसकेको भन्दै एमालेसँगको सहकार्यमा नेपाली कांग्रेसका केन्द्रीय सदस्यहरुले प्रश्न उठाएका छन्।

केन्द्रीय समितिको मंगलबारको बैठकमा बोल्ने केन्द्रीय सदस्यहरुले प्रभावकारी रुपमा काम गर्न नसकेको भन्दै सरकारको कार्यक्षमतामाथि नै प्रश्न गरेका हुन्।

केन्द्रीय सदस्य अर्जुननरसिंह केसीले सत्ता गठबन्धनभित्र कांग्रेसको पहिचान कम देखिएको भन्दै प्रश्न उठेको बताए। यथास्थितिबाट कांग्रेसले गति लिन नसक्ने उनको भनाइ थियो।

बैठकस्थलबाट बाहिर सञ्चारकर्मीसँग उनले भने, 'सत्ता गठबन्धनभित्र नेपाली कांग्रेसको पहिचान देखिन कम भयो भन्ने छ। त्यो अभिव्यक्ति केन्द्रीय समितिमा पनि आएको छ। यथास्थितिबाट कांग्रेसले गति लिन सक्दैन। पार्टीलाई नेता प्रधान नभएर नीति प्रधान बनाउनुपर्छ।'

त्यस्तै प्रवक्ता प्रकाशशरण महतले सरकारको प्रभावकारिता बढ्नुपर्ने र मेहनत अझ बढाउनुपर्ने विषयमा केन्द्रीय सदस्यहरुले धारणा राखेको जानकारी दिए।

उपसभापति धनराज गुरुङले बैठकमा सरकारका कामका बारेमा टीकाटिप्पणी हुनु स्वाभाविक भएको पनि उनको भनाइ थियो। सरकारमा रहेको पार्टीले सरकारका सन्दर्भमा आफ्ना विषय र अभिव्यक्ति राख्ने क्रममा यस्ता विषय आउने तर यसलाई नै लिएर सरकार परिवर्तन भइहाल्छ भन्ने नहुने उनले प्रस्ट्याए।

कांग्रेस केन्द्रीय सदस्य राजन केसीले सात बुँदे अन्तर्गतको संविधान संशोधनको मुद्दाबारे गृहकार्य भइरहेको बताए। सरकारबाट भएका कमी, कमजोरी सच्याउँदै अघि बढ्नुको विकल्प नरहेको उनको धारणा थियो।

**घरको चारै तिर सफा राखी स्वच्छ नागरिकको परिचय दिऔं ।**

# चोरीको मोटरसाइकल सहित महतो समातिए

**कृष्णा सम्वाददाता**



राजविराज, १७ असार । पर्सा प्रहरीले चोरीको मोटरसाइकलसहित एकजनालाई पक्राउ गरेको छ ।

प्रहरीले दिएको जानकारी अनुसार चोरीको मोटरसाइकल सहित वीरगन्ज महानगरपालिका वडा नं. ३१ का १८ वर्षीय विद्यानन्द महतोलाई पक्राउ गरेको हो ।

असार ८ गते राति वीरगन्ज उपमहानगरपालिका वाड नं. ३१ कोनिया टोल बस्ने विजय पटेलको घर अगाडिबाट कालो रंगको सुपर स्पलेन्डर मोटरसाइकल महतोले चोरी गरी लगेका थिए ।

प्रहरी चौकी मिलनचोकबाट खटिएको चेकिङ टोलीले आइतबार मोटरसाइकलसहित महतोलाई नियन्त्रणमा लिएको थियो । महतोलाई चोरीसम्बन्धी कसुरमा पर्सा जिल्ला अदालतबाट सात दिन म्याद थप अनुमति लिई अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।


**मिलन डेरी एण्ड फुड्स ई. प्रा.लि.**

गजेन्द्रनारायण सिंह औधोगिक क्षेत्र राजविराज सप्तरीको नौलो प्रस्तुती



केक को अर्डर १ दिन अगाडि गर्नु पर्नेछ । ☎ ०३१-५२३३५७



## एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि.

राजविराज-०७ सप्तरी

मितिः २०८२/०३/१७

### सम्पती बिक्री गर्ने सुचना

यस एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि राजविराजको स्वामित्वमा रहेको तपसिलमा उल्लेखित जग्गा जे जस्तो अवस्थामा छ बिक्री गर्नु पर्ने भएकोले इच्छुक व्यक्तिले यो सुचना प्रकाशित भएको मितिले ०७ दिन भित्र बोल कबोल अंक खुलाई गोप्य शिलबन्दी पत्र कार्यालय समयमा यस संस्थामा दर्ता गराउन अनुरोध गर्दछौं । म्याद नाघी आएको बोलपत्रमा कुनै कार्यवाही हुने छैन । अन्य विवरण बुझ्नु परेमा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ ।

तपसिल

| सि.न | ठेगाना अगाडी | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | गा.वि.स अगाडी वडा न.०७ | ७ क | ४२३ | ०-३-० |

दिव्या साह
नि. व्यवस्थापक

सजिव कुमार यादव
अध्यक्ष

एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि
राजविराज-०७



## मधुमेहबाट छुटकारा मुश्किल छ, असम्भव छैन !

के तपाई पनि उनीहरुमा सहभागी हुन चाहनु हुन्छ, जसले मधुमेह जस्ता रोग ठीक गरि सकेको छ ?
अनि हामी तपाईको यो मिशनका लागि प्रतिक्षारत छौं ।



### मधुमेहको मेटाबोलिक उपचार

- आयुर्वेद
- आधुनिक पोषण चिकित्सा
- मिलेट आहार

सम्पर्क

**निदान आयुर्वेद**

क्लिनिक

भारतीय स्टेट बैंकको पछाडी, पेट्रोल पम्प नजिक (भिमनगर), बिहार
दिनः बिहीवार (बिहान ६:३० बजेदेखि साँझ ५ बजेसम्म) शुक्रवार र शनिवार
सम्पर्क नं. ००९१-९७०८८०१०००, ००९१-८८६३८७०२०८



## प्राविधिक शिक्षा र व्यावसायिक तालिम प्राप्त गरौं

- इलेक्ट्रिसियन, प्लम्बिङ्ग, कम्प्यूटर अपरेटिङ्ग, सिलाई-कटाई, मोबाइल मर्मत, कुकिंग एण्ड हस्पिटालिटी, कृषि तथा पुशपालन जस्ता प्राविधिक ज्ञान प्राप्त गरौं,
- स्वरोजगार बनौं,
- कम लागतमा उच्च परिणाम हासिल गरौं,
- आत्मनिर्भर र उद्यमशील बनौं
- देशमै रोजगारीको अवसर प्राप्त गरौं ।

"जीवनस्तरमा सुधार गरौं"

नेपाल सरकार
**विज्ञापन बोर्ड**


प्रकाशकः श्रीमती जिवछी यादव सम्पादक : मुरली प्रसाद यादव, समाचार सम्पादक : एमके माझी, सह-सम्पादक : अमरनाथ मण्डल, प्रमुख सम्वाददाता : बैजु जोशी, प्रमुख व्यवस्थापक : रिना यादव, कम्प्युटर सेटिङ्गः सरोज यादव',
इमेल : krishnadaily@yahoo.com, krishnadailyrjb@gmail.com मुद्रक : न्यू देबचुली अफसेट प्रेस, रा.वि. कार्यालय : खेलकुद सपिङ्ग कमप्लेक्स, महेन्द्र क्लब रा.वि., विराटनगर सम्पर्क : उमेश मण्डल, फोन-फ्याक्स नं. : ०३१-५३१७४७